**Education Review Journal**

A peer- reviewed open -access journal indexed in NepJol
ISSN 2976-1182(Print)
Published by Education Review Office, Nepal
Article History: Received on 4 May 2025; Accepted on 6 July 2025
DOI: https://doi.org/10.3126/erj.v2i01.86412

# विद्यार्थी मूल्याङ्कन प्रक्रिया र विद्यालय कार्यसम्पादन परीक्षणको नतिजा

देवीराम आचार्य

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

यस लेखका लेखक श्री देवीराम आचार्य (https://orcid.org/ 0000000-0002-7295-6699) हाल शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा  निर्देशक पदमा कार्यरत हुनुहुन्छ । यस लेखका बारेमा थप कुनै कुरा बुझ्नु परेमा उहाँको इमेल ठेगाना deviramac@outlook.com मा पत्राचार गर्न सकिनेछ ।

## लेखसार

शिक्षाका राष्ट्रिय उद्देश्यअनुसार तयार गरिएका तहगत तथा विषयगत पाठ्यक्रमको कार्यान्वयन गर्ने र विषयगत र कक्षागत रूपमा तोकिएका सिकाइ उपलब्धिहरू विद्यार्थीमा हासिल गराउने मुख्य उद्देश्यले विद्यालयहरूले शिक्षा प्रदान गर्ने औपचारकि जिम्मा पाएका संस्था विद्याय हुन । यस प्रक्रिया पूरा गर्नुपर्ने छ । यी लक्ष्य प्राप्ति गर्न स्थापना गरिएको हुन्छ । यसरी स्थापित विद्यालयहरूमा विभिन्न प्रकारको लगानी (वित्त, मानवीय स्रोत र अन्य) पनि गरिएको हुन्छ । यस्तो लगानी सरकार, अभिभावक तथा अन्य क्षेत्रबाट हुने गर्छ । विद्यालयको शैक्षणिक प्रक्रिया सञ्चालनका लागि उपलब्ध साधनस्रोतको प्रयोग गरी त्यसबाट निश्चित उपलब्धि अपेक्षा गरिएको हुन्छ । यस्तो उपलब्धि विद्यार्थीको सिकाइमार्फत् हेर्ने विश्वव्यापी प्रचलन छ । विद्यार्थी मूल्याङ्कन गर्ने कार्य विद्यालयहरूको एउटा प्रक्रियाअन्तर्गतको कार्य हो र यसका लागि मुख्यरूपमा विषयगत शिक्षकहरू जिम्मेवार हुन्छन् । शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सञ्चालन हुने सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षणका क्रममा विद्यार्थी मूल्याङ्कन प्रक्रियाअन्तर्गतको एउटा उपक्षेत्रको रूपमा विभिन्न ६ ओटा सूचकसहित  समावेश गरिएको छ । यी ६ ओटा सूचकमा विगत चार आर्थिक वर्षमा कार्यसम्पादन परीक्षण गरिएका सामुदायिक माध्यमिक विद्यालयको अवस्था विश्लेषण गरी यो आलेख तयार गरिएको छ । विद्यार्थी मूल्याङ्कनका सूचकमा विद्यालयहरूले प्राप्त गरेको अङ्कको साधारण

तथ्याङ्क प्रस्तुति र वर्णनात्मक विश्लेषण गर्ने यो लेखको उद्देश्य रहेको छ। प्राप्त नतिजाका आधारमा विद्यार्थी मूल्याङ्कनका विभिन्न सूचकहरूको कार्यान्वयन प्रभावकारी भएको पाइएन। विद्यार्थी मूल्याङ्कन कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि खासगरी स्थानीय तह र विद्यालयहरू अग्रसर हुनुपर्ने देखिन्छ भने सूचकमा आधारित सुधारका लागि कार्यसम्पादन परीक्षणकै जवाफदेहिता अभिवृद्धि गर्नुपर्ने देखिएको छ।

***मुख्य शब्दहरू*** : कार्यसम्पादन परीक्षण, विद्यार्थी मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कन, नतिजा विश्लेषण

## पृष्ठभूमि

विद्यालय एउटा औपचारिक संस्था। यसमा संरचना, कार्यपद्धति, जिम्मेवारी र अधिकारको विस्तृत श्रृङ्खला व्यवस्थित गरिएको हुन्छ हो (Bidwell, 2013)। विद्यालय भन्ने शब्द सुन्नासाथ हामी ठुला साना विद्यालयका भवन, विभिन्न आकारका कक्षाकोठा, लहरै राखिएका फलामे डेस्क बेन्च/कुर्सी टेबल, ठुला/साना खेल मैदान, खेल सामग्री, खानेपानी, शौचालय सम्झिन्छौं। साथै कक्षामा पढाइरहेका, कालो/सेतोपाटीमा केही लेखिरहेका शिक्षक, झोला बोकिरहेका, कक्षामा शान्त बसेर केही सुनिरहेका, तोकिएको ड्रेस लगाएर पङ्तिबद्ध भएका वा यताउता हिडिरहेका विद्यार्थी, पठनपाठन लगायतका अन्य विभिन्न क्रियाकलाप हुने, भएको एउटा कुनै खास विशिष्ट पहिचान भएको फरक स्थान भन्ने सम्झिन्छौँ। विद्यालयका भवन, पुस्तकालय, प्रयोगशाला, कक्षाकोठा, कापी, किताब, शिक्षक, विद्यार्थी, शिक्षण सिकाइ क्रियाकलाप, परीक्षा र परीक्षाको नतिजा त्यसका आधारभूत पक्षहरू हुन्। कुनै विद्यालयमा भवन हुँदैन अथवा भएको पनि सुरक्षित छैन, राम्रो छैन, कक्षाकोठा साना, अँध्यारा, र बस्न पुग्ने छैनन्, कक्षामा डेस्क बेन्च छैनन्, शिक्षक छैनन् वा विद्यार्थी छैनन् भने त्यो साच्चिकै एउटा राम्रो विद्यालय हो वा होइन भन्ने प्रश्न पनि उठ्छ। राम्रो विद्यालय भनेको राम्रो भौतिक पूर्वाधार हो वा राम्रो शिक्षण सिकाइ क्रियाकलाप र सिकाइ भन्नेमा बहस, छलफल गर्न सकिएला तर विद्यालयको मुख्य उद्देश्य भौतिक तथा मानवीय स्रोतको अधिकतम् परिचालनबाट तोकिएको पाठ्यक्रमका सिकाइ उपलब्धि विद्यार्थीमा हासिल गराउनु हो र त्यो परीक्षाको नतिजाबाट प्रतिबिम्बित हुन्छ।

विद्यालयमा विद्यार्थीले हासिल गर्ने नतिजा वा सिकाइ विद्यालय मूल्याङ्कनको एउटा आधार हो। यसका साथै विद्यालयमा भवन, कक्षाकोठा, शिक्षक, विद्यार्थी छन् तर नियमित पठनपाठन हुन्छ, हुँदैन? विद्यालय एउटा संस्थाको रूपमा त्यसको प्रशासन र व्यवस्थापन कसरी चलेको छ? त्यसका

आर्थिक, भौतिक पक्षहरूको अवस्था के कस्तो छ ? अभिलेखीकरण कसरी गरिएको छ ? जवाफदेहिता र सुशासनका पक्षहरूलाई कसरी कार्यान्वयन गरिएको छ ? विद्यार्थीको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलाप के कति हुन्छन् ? पुस्तकालय प्रयोगशालाको अवस्था कस्तो छ ? भनेर पनि विद्यालयहरूको मूल्याङ्कन गर्ने प्रचलन सुरु भएको छ। अझ योभन्दा पनि अगाडि बढेर विद्यालयमा भएको पठनपाठनको स्तर कस्तो छ ? सिकाइ कति भएको छ? विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने, कक्षा र तह उत्तीर्ण हुने, परीक्षाका नतिजा कस्तो छ? विद्यालयका शिक्षक विद्यार्थी कति सन्तुष्ट छन् ? अभिभावकहरू के भन्छन् ? विद्यालयमा कति विद्यार्थी छन् भनेर पनि हेर्ने गरिन्छ। उपलब्ध भौतिक तथा मानवीय स्रोतको उपयोगबाट के कस्तो नतिजा हासिल भएको छ भनेर खोजी गर्ने काम सुरु भएको छ। यसरी विद्यालयको समग्र पक्षको मूल्याङ्कन गर्ने कार्य नेपालमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको स्थापना भएपश्चात् औपचारिक रूपमा र निरन्तर भइरहको छ, जसलाई विद्यालय कार्यसम्पादन परीक्षणको रूपमा बुझिन्छ। यस सन्दर्भमा कार्यसम्पादन परीक्षणका क्रममा विद्यार्थी मूल्याङ्कनका विभिन्न ६ ओटा सूचकको कार्यान्वयन अवस्था कस्तो छ, ती सूचकहरूमा विद्यालयहरूले के कति अङ्क प्राप्त गरेका छन् भन्ने सामान्य विश्लेषण गर्ने र सूचक कार्यान्वयन अवस्थाको यथार्थ अवस्था पहिचान गर्ने उद्देश्यले यो लेख तयार गरिएको छ।

## कार्यसम्पादन परीक्षण

कार्यसम्पादन परीक्षणमा विद्यालयका विभिन्न साधन स्रोत, क्रियाकलाप र त्यसबाट हासिल भएको उपलब्धिलाई प्रणालीको (System) रूपमा वर्गीकरण गरी लगानी-प्रक्रिया-उपलब्धि (Input-Process-Output-IPO) (McGrath,1964) का आधारमा अध्ययन गरिन्छ। विद्यालयमा लगानी, प्रक्रिया र उपलब्धिका तीन पक्षको अवस्थालाई विभिन्न सूचकमा सम्बन्धित गराई ती सूचक पूरा भएको वा नभएको आधारमा यथेष्ट प्रमाण सङ्कलन गरी विद्यालयको समग्र पक्षको परीक्षण गर्ने कार्य प्रक्रियालाई नेपालको सन्दर्भमा विद्यालयको कार्यसम्पादन परीक्षण भनीएको छ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (वि.सं. २०७४) अनुसार कार्यसम्पादन परीक्षणमा विद्यालयहरूले निर्दिष्ट नीति तथा कार्यक्रमहरू, प्रचलित ऐन, नियम बमोजिम कार्यान्वयन गरे नगरेको सम्बन्धमा लेखाजोखा गरिन्छ। यसमा शिक्षाको पहुँच, समता र गुणस्तर सुधारका लागि विद्यालयहरूको कार्यप्रणालीको परीक्षण गरी कार्यसम्पादन स्तर प्रस्तुत गरी कार्यसम्पादन सुधारका क्षेत्रहरू पहिचान गरिन्छ। यसबाट उत्कृष्ट सेवा प्रवाहका लागि संस्थागत जवाफदेहिता सुनिश्चित हुने

तथा परीक्षणका नतिजाहरूको आधारमा विद्यालयहरूको कार्यसम्पादन सुधार गर्न सम्बन्धित विद्यालयहरू, वडा तथा गाउँ वा नगरपालिकालगायत अन्य सरोकारवालाहरूलाई पृष्ठपोषण प्रदान हुने अपेक्षा गरिएको हुन्छ। यो कुनै पनि निकायले गरेको कामको स्वतन्त्र र बाह्य परीक्षण पनि हो। सूचकमा आधारित भएर पारदर्शी र खुलापन हुनु कार्यसम्पादन परीक्षणको मुख्य विशेषता हो।

विद्यालयका आर्थिक गतिविधिहरू लेखा परीक्षणबाट हेर्ने गरिन्छ। अन्य शैक्षिक तथा भौतिक पक्षहरूको साथै समग्र व्यवस्थापन सामाजिक परीक्षणबाट हरेक विद्यालयमा हरेक वर्ष भइरहेको हुन्छ। शैक्षिक, भौतिक, आर्थिक, प्रशासनिक लगायतका समग्र पक्षको बाह्य मूल्याङ्कन कार्यसम्पादन परीक्षणबाट गर्ने गरिन्छ। विद्यालयको कार्यसम्पादन परीक्षणमा मुख्य रूपले उद्देश्यपरकता, मितव्ययिता, कार्यकुशलता, प्रभावकारिता, पारदर्शिता, सहभागिता, निष्पक्षता र सरोकारवाला शिक्षक विद्यार्थी र अभिभावकको सन्तुष्टिलाई  आधार बनाइएको छ (शैगुपके, २०७६) ।  अन्तर्राष्ट्रिय तहमा रहेको कार्यसम्पादन परीक्षणको सिद्धान्त, मूल्य, मान्यता एवम् अभ्यासहरूलाई पुनरवलोकन गरी नेपालका सामुदायिक माध्यमिक विद्यालयहरूको यथार्थतालाई मुख्य आधार बनाई कार्यसम्पादन परीक्षणको ढाँचा तयार गरिएको छ। कार्यसम्पादन परीक्षण ढाँचामा परीक्षणका क्षेत्र, उपक्षेत्र, र सूचकहरू पहिचान गरिएका छन्। सोही ढाँचाका कुल ८९ ओटा सूचकहरूको आधारमा परीक्षणको साधन तयार गरिएका छन् र हरेक सूचकमा शून्यदेखि ३ अङ्क प्राप्त गर्ने आधारहरू तोकिएका छन्।

कार्यसम्पादन परीक्षणमा बाह्य व्यक्तिहरूको संलग्नता हुने, निर्धारित सूचकका आधारमा रहेर अवलोकन तथा छलफल हुने र प्रमाणमा आधारित भएर मात्र अङ्कन गर्ने गरिन्छ। उदाहरणका लागि, कुनै एउटा विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन तोकिएको समयमा र पूर्ण भए ३ अङ्क, पूर्ण गठन भएको तर समयमा नभएको भए २ अङ्क, गठन भएको तर पूर्ण नभए १ अङ्क र गठन नै नभएको भए ० अङ्क प्राप्त गर्छ। त्यसैगरी व्यवस्थापन समितिको बैठक वर्षमा १० पटकभन्दा बढी भए ३ अङ्क, ७ देखि १० पटक बसेको भए २ अङ्क, ६ पटकसम्म बसेको भए १ अङ्क र त्योभन्दा कम नबसेको भए शून्य अङ्क प्राप्त गर्छ। यसका लागि परीक्षकले व्यवस्थापन समितिको बैठक पुस्तिका अध्ययन गर्नुपर्छ।  यसरी वस्तुनिष्ठ आधारमा विद्यालयका विभिन्न पक्षमा आधारित भएर मूल्याङ्कन गरिन्छ। यसरी मूल्याङ्कन गर्ने क्रममा मूल्याङ्कनका विभिन्न सूचकहरूलाई लगानी, प्रक्रिया र उपलब्धि गरी तीन समूहमा विभाजन गरिन्छ। यसरी विभाजन गर्दा विद्यालको भौतिक संरचना, शिक्षक र समुदायको सहभागिता र लगानीलाई लगानीको क्षेत्रअन्तर्गत राखिन्छ भने कक्षा

शिक्षण, विद्यार्थी मूल्याङ्कन, शिक्षकको पेसागत विकास, नेतृत्व र व्यवस्थापन अतिरिक्त क्रियाकलाप प्रक्रियाअन्तर्गत राखिन्छ। विद्यार्थीको नियमितता, कक्षा दोहोऱ्याउने र छाड्ने दर, सिकाइ उपलब्धि, अभिभावकको सन्तुष्टि र शिक्षकको पेसागत सन्तुष्टिलाई उपलब्धिअन्तर्गत राखिन्छ। यसरी कति र कस्ता शिक्षकले, कस्तो भवनमा कुन तरिकाले पढाउँछन् र त्यसबाट विद्यार्थीको सिकाइ कस्तो हुन्छ भन्ने सहसम्बन्ध खोजी गर्ने गरी सूचकमा आधारित भएर यस्तो परीक्षण गरिन्छ। यो परीक्षण विद्यालयका सम्पूर्ण सूचना तथा जानकारीहरू उपलब्ध गराइन्छ। उनीहरूले उपलब्ध प्रमाणका आधारमा अङ्कन गर्ने र सो अङ्कनका सम्बन्धमा विद्यालयमा छलफल गरी प्रअले उक्त अङ्कन ठिक छ भनी प्रमाणित गरिदिनुपर्ने हुन्छ (शैगुपके, २०८१)।

## अध्ययन विधि

यो आलेखमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट बाह्य विज्ञहरूको परिचालनबाट भएको विद्यालयको कार्यसम्पादन परीक्षणका क्रममा सङ्कलन गरिएको विद्यार्थी मूल्याङ्कनसँग सम्बन्धित सूचकहरूमा विद्यालयले प्राप्त गरेको अङ्कलाई विश्लेषण गरिएको छ। विद्यालय कार्यसम्पादन परीक्षणको सुरुआत आर्थिक वर्ष २०७३।७४ देखि सुरु भई आर्थिक वर्ष २०८१।८२ सम्ममा देशभरका ६३७० सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण कार्य सम्पन्न भएको छ। यीमध्ये पछिल्ला ४ वर्ष (२०७८, २०७९, २०८० र २०८१) को कार्यसम्पादन परीक्षण भएका विद्यालयहरूको विद्यार्थी मूल्याङ्कनअन्तर्गतका सूचकको प्राप्ताङ्क विश्लेषण गरिएको छ। यस अवधिमा कार्यसम्पादन परीक्षण भएका १५१४ विद्यालयको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ। विज्ञहरूमार्फत कार्यसम्पादन परीक्षण हुने क्रममा विद्यालयहरूले प्राप्त गरेको विद्यार्थी मूल्याङ्कन उपक्षेत्रलाई मात्र यसमा समावेश गरिएको छ। यसका साथै केही अन्य सन्दर्भ सामग्री तथा लेखकका विद्यार्थी सिकाइ उपलब्धि परीक्षण र मूल्याङ्कनसम्बन्धी अनुभवहरूसमेत समावेश गरिएको छ।

## कार्यसम्पादन परीक्षणमा विद्यार्थी मूल्याङ्कनको परीक्षण प्रावधान

विद्यार्थीको सिकाइ परीक्षण गर्ने कार्य विद्यालयको नियमित क्रियाकलापअन्तर्गतको महत्त्वपूर्ण कार्य हो। शिक्षकले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिरहँदाकै बखत शिक्षण सिकाइ क्रियाकलापको एक अभिन्न अङ्गका रूपमा परीक्षण कार्य गर्ने र विद्यार्थीको सिकाइ सुधारका लागि प्रयत्न गर्ने कार्य परीक्षणको सबैभन्दा महत्त्वपूर्ण कार्य हो। विद्यालयको सिकाइ उपलब्धि हासिल गर्ने कार्यमा विद्यार्थीको सिकाइ स्तरको परीक्षण र सुधारका लागि पृष्ठपोषण तथा समग्र विद्यालय

सुधारका लागि नतिजा विश्लेषण गर्ने कार्य महत्त्वपूर्ण हुन्छ (आचार्य, २०८१)। विद्यालयहरूले यससम्बन्धी कार्यहरू के कसरी गरिरहेका छन् र गरेका कामको कार्यसम्पादन स्तर कस्तो रहेको छ भन्ने आधारमा विद्यालय कार्यसम्पादन परीक्षण साधनमा उल्लेख भएका सूचक र अङ्कका आधारहरू तलको तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका १**

*कार्यसम्पादन परीक्षण साधनमा विद्यार्थी मूल्याङ्कनका सूचकहरू*

| क्र.स. | सूचक | यथार्थ विवरण (दिइएको उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस्।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ५.१ | निरन्तर विद्यार्थी मूल्याङ्कन | • निरन्तर मूल्याङ्कनका अभिलेख र साधन अद्यावधिक राखिएको<br>• निरन्तर मूल्याङ्कनका अभिलेख र साधन अद्यावधिक नराखिएको | | | | | ०. आवधिक परीक्षा मात्र सञ्चालन गरिएको भएमा<br>१. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग भएपनि अभिलेख अद्यावधिक नभएको भएमा<br>२. अभिलेख अद्यावधिक भए तापनि शिक्षण सिकाइ सुधारमा प्रयोग नगरिएको भएमा<br>३. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग भएको अभिलेख अद्यावधिक भएको र शिक्षण सिकाइ सुधारमा प्रयोग भएको भएमा |
| ५.२ | निर्माणात्मक मूल्याङ्कनको प्रयोग | • समय समयमा विद्यार्थीको आन्तरिक परीक्षा लिई त्यसको नतिजाको जानकारीसहित सुधारको लागि विद्यार्थीलाई पृष्ठपोषण दिने शिक्षकको सङ्ख्या<br>• प्रयोग गरिएका मूल्याङ्कन साधन (एकाइ, साप्ताहिक, मासिक, त्रैमासिक, अर्धवार्षिक वा वार्षिक परीक्षा) को विवरण<br>• प्रयोग गरेको मिति<br>• प्रयोग गरेको समयावधि | | | | | ०. कुनै पनि शिक्षकले निर्माणात्मक मूल्याङ्कनको साधन प्रयोग नगरेको भए<br>१. २५% भन्दा कम शिक्षकले विद्यार्थीको समय समयमा आन्तरिक परीक्षा लिई त्यसको नतिजा जानकारीसहित सुधारको लागि विद्यार्थीलाई पृष्ठपोषण दिने गरेको भएमा<br>२. २५% देखि ५०% भन्दा कम शिक्षकले विद्यार्थीको समय समयमा आन्तरिक परीक्षा लिई त्यसको नतिजा जानकारीसहित सुधारको लागि विद्यार्थीलाई पृष्ठपोषण दिने गरेको भएमा<br>३. ५०% वा सोभन्दा बढी शिक्षकले विद्यार्थीको समय समयमा आन्तरिक |

| क्र.स. | सूचक | यथार्थ विवरण (दिइएको उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस्।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | | | | | | परीक्षा लिई त्यसको नतिजा जानकारीसहित सुधारको लागि विद्यार्थीलाई पृष्ठपोषण दिने गरेको भएमा |
| ५.३ | प्रश्नपत्र निर्माणको अभ्यास | • प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिका प्रयोग गर्ने शिक्षकको सङ्ख्या<br>• कुन कक्षा<br>• कुन विषय<br>• कुन परीक्षामा प्रयोग गरेको | | | | | ०. प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिकाबिना नै प्रश्न निर्माण गर्ने गरेमा<br>१. २५% भन्दा कम शिक्षकले प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिका प्रयोग गरेको भएमा<br>२. २५% देखि ५०% भन्दा कम शिक्षकले प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिका प्रयोग गरेको भएमा<br>३. ५०% वा सोभन्दा बढी शिक्षकले प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिका प्रयोग गरेको भएमा |
| ५.४ | उत्तरपुस्तिका परीक्षण | • उत्तरकुञ्जिका निर्माण गरी सोका आधारमा उत्तरपुस्तिका परीक्षण गर्ने शिक्षकको सङ्ख्या<br>• कुन कक्षा र कुन विषय र उत्तरकुञ्जिकाबिना कुन कक्षा र कुन विषयमा उत्तरपुस्तिका परीक्षण गरिएको हो सो उल्लेख गर्ने | | | | | ०. उत्तरकुञ्जिकाबिना नै उत्तरपुस्तिका परीक्षण गर्ने गरेको<br>१. २५% भन्दा कम शिक्षकले उत्तरकुञ्जिका निर्माण गरी सोका आधारमा उत्तरपुस्तिका परीक्षण गर्ने गरेको<br>२. २५% देखि ५०% भन्दा कम शिक्षकले उत्तरकुञ्जिका निर्माण गरी सोका आधारमा उत्तरपुस्तिका परीक्षण गर्ने गरेको<br>३. ५०% वा सोभन्दा बढी शिक्षकले उत्तरकुञ्जिका निर्माण गरी सोका आधारमा उत्तरपुस्तिका परीक्षण गर्ने गरेको |
| ५.५ | परीक्षाको नतिजा प्रकाशन | • नतिजा प्रकाशनको तरिका उल्लेख गर्ने | | | | | ०. नतिजा प्रकाशन गरी विद्यार्थीलाई मात्र जानकारी दिने गरेमा<br>१. नतिजा प्रकाशन गरी विद्यार्थीको मार्कसिट/ग्रेडसिटसहित अभिभावकलाई जानकारी दिने गरेमा<br>२. अभिभावकको उपस्थितिमा वार्षिक वा अर्धवार्षिक परीक्षाको व्यक्तिगत मार्कसिटसहित प्रकाशित गरेमा |

| क्र.स. | सूचक | यथार्थ विवरण (दिइएको उपयुक्त बाकसमा अङ्क लेख्नुहोस् र अन्यमा मागिएको विवरण उल्लेख गर्नुहोस्।) | स्तर | | | | स्तर निर्धारणका आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | | | | | | ३. अभिभावकको उपस्थितिमा त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक परीक्षा नतिजा प्रत्येक विद्यार्थीको मार्कसिट/ग्रेडसिट बनाई वितरण गर्ने गरेमा |
| ५६. | परीक्षाफल को विश्लेषण र पृष्ठपोषण | • विद्यालयभित्र आन्तरिक रूपमा परीक्षाफलविश्लेषण गरिएको वा नगरिएको<br>• गरिएको भए तरिका<br>• कुन कक्षा र विषयमा परीक्षाको नतिजा विश्लेषण गरिएको हो उल्लेख गर्ने | | | | | ०. परीक्षाफल विश्लेषणसम्बन्धी कुनै काम नगरेको<br>१. विद्यार्थीको कक्षागत र विषयगत सिकाइ उपलब्धिको बारेमा स्टाफ बैठकमा छलफल मात्र हुने गरेको<br>२. विद्यार्थीको कक्षागत र विषयगत औसत सिकाइ उपलब्धि विश्लेषण गरी समीक्षा र पृष्ठपोषण मात्र दिने गरेको<br>३. परीक्षाफल प्रकाशित भएपछि कक्षागत र विषयगत रूपमा औसत उपलब्धि विश्लेषण गरी सुधारको लागि पृष्ठपोषण र समीक्षासहितको सुधार योजना बनाउने गरेको |
| | | जम्मा १८ - | | | | | |

स्रोतः शैगुपके, २०८०, सामुदायिक विद्यालय कार्यसम्पादन परीक्षण साधन

तालिका १ मा उल्लेख भएअनुसारका ६ ओटा सूचकका आधारमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट खटाइएका विज्ञहरूले अङ्क दिने काम गर्दछन् । यसरी अङ्क दिने क्रममा विज्ञहरूलाई यथार्थ विवरण सङ्कलन गरी प्रमाण र अभिलेखमा आधारित भएर अङ्क प्रदान गर्नका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट तालिम तथा अभिमुखीकरण गरिएको हुन्छ । सोही आधारमा विज्ञहरूले विद्यार्थी मूल्याङ्कनसम्बन्धी क्रियाकलापमा विद्यालयहरूलाई अङ्क प्रदान गर्ने काम गर्छन् । यसरी अङ्क प्रदान गर्दा प्रधानाध्यापक तथा सम्बन्धित शिक्षकहरूसँग अन्तरक्रिया हुनुपर्छ र अन्तिममा विद्यालयको जम्मा अङ्कलाई प्रधानाध्यापकले प्रमाणित गरिदिनुपर्छ । यस अर्थमा विज्ञको अङ्क यथार्थमा आधारित हुन्छ भन्न सकिन्छ । यदि माथिको तालिका १ मा उल्लेख भएअनुसार सबै सूचकमा ३ अङ्क आएको अवस्थामा विद्यार्थी मूल्याङ्कनको क्षेत्रमा विद्यालयहरूले बढीमा १८ सम्म अङ्क प्राप्त गर्न सक्छन् । यसैगरी विद्यार्थी मूल्याङ्कनसम्बन्धी अभ्यासहरू कमजोर भएको नतिजा विश्लेषण नगरिएको तथा अभिलेख नराखिएको, विशिष्टीकरण तालिकाको प्रयोगमार्फत प्रश्न


निर्माण नहुने अवस्थामा क्रमशः अङ्क न्यून हुँदै जाने हुन्छ। विद्यार्थी मूल्याङ्कनमा १० भन्दा माथिको प्राप्ताङ्कका लागि कम्तीमा ३ ओटा सूचकमा ३ वा सबै सूचकमा न्यूनतम २ अङ्क आउने अवस्था हुनुपर्छ।

## नतिजाको प्रस्तुति

सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षणमा विद्यालयहरूले प्राप्त गरेको विद्यार्थी मूल्याङ्कन उपक्षेत्रको अङ्कलाई यसमा विश्लेषण गरिएको छ। यो विश्लेषणमा पछिल्लो चार वर्षमा कार्यसम्पादन परीक्षण भएका १४१५ विद्यालयहरू समावेश गरिएका छन्। ग्राफ १ मा विद्यार्थी मूल्याङ्कनको सूचकमा प्राप्त हुने जम्मा १८ अङ्कमध्ये पाँच भन्दा कम, ६ देखि १०, १० देखि १५, १६ भन्दा बढी ल्याउने विद्यालयको प्रतिशत उल्लेख गरिएको छ। कार्यसम्पादन परीक्षणको साधनमा यसलाई उत्तम, मध्यम, सामान्य र कमजोर गरी ४ समूहमा विभाजन गरिएको छ। यो विश्लेषणमा विद्यालयले प्राप्त गरेको अङ्कको मात्र समूह बनाइएको छ। हाल शैक्षिक गुणस्तर परीक्षण केन्द्रमा उपलब्ध तथ्याङ्क अभिलेखमा हरेक सूचकमा विद्यालयले प्राप्त गरेको छुट्टाछुट्टै अङ्कलाई विश्लेषण गर्न नसकिएको हुनाले यो सूचकमा प्राप्त गरेको जम्मा अङ्कलाई मात्र आधार बनाइएको छ।

**ग्राफ १**

*विद्यार्थी मूल्याङ्कन उपक्षेत्रमा विद्यालयहरूले प्राप्त गरेको अङ्कको समूह*




माथिको ग्राफ १ अनुसार यसमा समावेश जम्मा १५१४ विद्यालयध्ये १० प्रतिशत मात्र (१५६) विद्यायहरूले मात्र  १६ भन्दा बढी अङ्क ल्याएका छन्। यसै गरी १८ अङ्क नै ल्याउने

विद्यालय जम्मा २.२ प्रतिशत मात्र रहेका छन्। ग्राफमा उल्लेख भएअनुसार ४५ प्रतिशत विद्यालयहरूको अङ्क १० भन्दा कम र दश प्रतिशत विद्यालयले मात्र १६ भन्दा बढी अङ्क प्राप्त गरेका हुनाले विद्यालयहरूमा न्यूनतम रूपमा गर्नुपर्ने विद्यार्थी मूल्याङ्कनका कामहरू प्रभावकारी रूपमा नभएको देखिन्छ।

विद्यार्थी मूल्याङ्कनसम्बन्धी सूचकहरूमा पूरा अङ्क प्राप्त गर्नका लागि विद्यालयमा अतिरिक्त स्रोत साधनको आवश्यकता पर्ने देखिँदैन। निरन्तर विद्यार्थी मूल्याङ्कनको अभिलेख राख्न बजेट विनियोजन गरिएको छ। निर्माणात्मक मूल्याङ्कनका क्रियाकलापका लागि नतिजा, विशिष्टीकरण तालिकाको प्रयोग गर्न, विश्लेषण गर्नका लागि विद्यालयहरूको कामप्रतिको जिम्मेवारी बोध र विद्यार्थीको नतिजाप्रतिको जवाफदेहिता मुख्य विषय हुन्। यद्यपि शिक्षक तथा प्रधानाध्यापकहरूको परीक्षणप्रतिको बुझाइ र अभ्यास पर्याप्त नभएको कुरा अन्य अनुसन्धानबाट पनि पाइएको छ (आचार्य, २०८२)। सुनसरी जिल्लाको एक विद्यालयले त १ अङ्क मात्र प्राप्त गरेको देखिन्छ। उक्त विद्यालयमा वि. सं. २०७९ मा भएको कार्यसम्पादन परीक्षणमा निरन्तर विद्यार्थी मूल्याङ्कन हुने गरेको तर अभिलेख नभएको भन्ने आधारबाट नम्बर प्राप्त भएको छ भने अन्य सबै सूचकमा शून्य अङ्क रहेको छ।

सूचकहरूमा पनि केही सामान्य स्तरको वस्तुगत आधार नहुन सक्ने, परीक्षकको रूपमा खटिएका विज्ञहरूको अध्ययन र अङ्क दिने सबालमा हुने लचकता वा प्रमाणको खोजी गर्ने पद्धतिको पनि प्रभाव परेको हुन सक्छ तापनि सबै सूचकमा शून्य अङ्क आउने अवस्थाले विद्यालयमा विद्यार्थीको सिकाइ र मूल्याङ्कनप्रतिको जवाफदेहिता कमजोर रहेको पुष्टि हुन्छ।

## नतिजा सम्बन्धमा छलफल

कार्यसम्पादन परीक्षणमा विद्यार्थी मूल्याङ्कन उपक्षेत्रमा विद्यालयले प्राप्त अङ्कका आधारमा हेर्दा विद्यालयको कार्यसम्पादन परीक्षणमा देशभरिकै विद्यालय सामान्य स्तरमा रहेका छन्। लगानी क्षेत्रमा राम्रो भएर पनि प्रक्रिया र उपलब्धिमा कमजोर भएका विद्यालयहरूको सङ्ख्या ठुलो छ। धेरै विद्यालयहरूले विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन नतिजा, विश्लेषण र सुधारका लागि पृष्ठपोषण दिने तथा योजना बनाउने कार्यमा ध्यान नदिएको पाइएको छ। विद्यार्थीको वैयक्तिक भिन्नताअनुसार सिकाइका विभिन्न तरिका तथा सोहीअनुसार मूल्याङ्कनका विविध प्रकारका साधनको प्रयोग गर्ने र पृष्ठपोषण दिने कार्य महत्त्वपूर्ण हुन्छ। केन्द्रले गरेको कार्यसम्पादन परीक्षणको फलो अप कार्यक्रममा यो वर्ष लेखकसँग विद्यालयहरूले कार्यसम्पादन परीक्षणको प्रतिवेदन

विद्यालयमा प्राप्त हुन नसकेको, प्रधानाध्यापक परिवर्तन भएको भन्ने केही उदाहरणहरूले सूचकमा आधारित सुधारमा विद्यालयहरू जवाफदेही नभएको भन्न सकिन्छ।

कार्यसम्पादन परीक्षणको सूचकको रूपमा रहेको निरन्तर विद्यार्थी मूल्याङ्कन नेपालमा प्रयोगमा आएको २५ वर्षभन्दा बढी भइसक्यो। यसको प्रभावकारी प्रयोगमा अझै समस्या देखिएका छन्। कार्यसम्पादन परीक्षणको यो सूचकमा पनि धेरै विद्यालयले राम्रो अङ्क प्राप्त गरेका छैनन्। एकीकृत पाठ्यक्रमको कार्यान्वयनसँगै आएको कक्षा १ देखि ३ को पोर्टफोलियो मूल्याङ्कनमा पनि समस्या देखिएको छ। एकीकृत पाठ्यक्रम कार्यान्वयनको ५ शैक्षिक सत्र पूरा हुँदै गर्दा केही संस्थागत र केही सामुदायिक विद्यालयले थिमगत मूल्याङ्कनको अभ्यास गरेको पाइएको छ। यसको कार्यान्वनमा पनि समस्याहरू देखिएका छन्। राष्ट्रिय पाठ्यक्रम प्रारूपले परिकल्पना गरेको मूल्याङ्कन पद्धतिको प्रयोग एकदमै न्यून मात्र भएको पाइएको छ। निरन्तर विद्यार्थी मूल्याङ्कन र नतिजा विश्लेषण कार्यसम्पादन परीक्षणका सूचकहरूमा पनि न्यून अङ्क आउने सूचकका रूपमा रहेका छन्। शिक्षकहरूले विशिष्टीकरण तालिकाको समेत प्रयोग नगरेका कारणले कार्यसम्पादन परीक्षणमा अङ्क प्राप्त भएको छैन। हालका दिनमा केही स्थानीय तहहरूले पोर्टफोलियो फाराम खरिद गरेर स्कुललाई वितरण गरेका छन्। केही विद्यालय आफैँले खरिद गरेका छन् र केही विद्यालय तथा स्थानीय तहहरूले आफ्नै तरिकाले फाराम छपाई गरी प्रयोग पनि गरेका छन्। बजारमा खरिद गरेर शिक्षकले भर्नुपर्ने पोर्टफोलियो फारममा १ देखि ३ अङ्क चढाएर समग्र नतिजा प्रकाशन गर्ने कार्यलाई नै एकीकृत पाठ्यक्रमको मूल्याङ्कन विधिको सम्पूर्ण रूपमा बुझिएको र बुझाइएको अवस्था छ, जुन अपूर्ण छ। सिकाइभन्दा फारम भर्ने विषयले प्राथमिकता पाएको देखिन्छ। कक्षा ३ मा भएका विद्यार्थीको पढाइ तथा गणितीय सिप परीक्षणका नतिजाले कमजोर सिकाइलाई पनि सङ्केत गर्छ।

वि. सं. २०६३ मा प्रकाशित एसएलसी अध्ययन प्रतिवेदनको सिफारिस (शिक्षा तथा खेलकुद मन्त्रालय, २०६१) लाई आधार बनाएर वि.स. २०७२ बाट अक्षराङ्कन पद्धति सुरु गरियो र ८ वर्ष वितिसक्दा पनि केही विद्यालयमा पूर्ण रूपमा कार्यान्वयन हुन सकेको छैन। पङ्तिकारले भ्रमण गरेका विद्यालय र शिक्षकसँग गरिएका अन्तरक्रिया आधारमा हालको विद्यालय तहमा कार्यान्वयनमा रहेको आन्तरिक मूल्याङ्कन प्रभावकारी हुन सकिरहेको छैन। शिक्षक क्षमता विकास र साधन स्रोत तथा समय व्यवस्थापन पनि यसको कारणको रूपमा पाइएको छ। सिकाइ केन्द्रित परीक्षण हुन नसक्दा कमजोर सिकाइको कारणको रूपमा उदारकक्षोन्नति र निरन्तर विद्यार्थी मूल्याङ्कन देखिएका छन्। परीक्षासम्बन्धी सामाजिक सांस्कृतिक बुझाइ, विद्यालयका शिक्षक छनोट पद्धतिमा प्रयोग गरिएका

प्रश्न, शिक्षक तयारीमा विश्वविद्यालयमा हुने अभ्यास, यससँग सम्बन्धित पठनपाठनलाई दिइएको भार कम छ र सैद्धान्तिक विषयहरू बढी समावेश छन्। यसका साथै कक्षाकोठामा पुग्न कठिन भएको शिक्षक तालिमले पाठ्यक्रमले निर्धारण गरेका विद्यार्थी सिकाइ परीक्षण र मूल्याङ्कनका पद्धति प्रभावहीन र असफल भइरहेका छन् (आचार्य, २०८०)।

मूल्याङ्कनका सन्दर्भमा विषयगत शिक्षकलाई पूर्ण जिम्मेवार बनाउने, फरक फरक सिकाइ उपलब्धिका लागि कस्ता फरक साधनहरू प्रयोग हुन सक्छन्। विद्यालयलाई नै क्षमता विकासको स्थानका रूपमा विकास गर्ने, त्यसका प्रशस्त उदाहरणहरू तयार गर्ने थिमगत, सिकाइका विधिहरू स्थापित गर्ने रूपमा एउटै मूल्याङ्कनको साधनले कसरी फरक फरक उपलब्धिको मापन हुन सक्छ, त्यसका नमुनाहरू (Prototype) विकास गर्ने नवप्रवर्तनात्मक अभ्यासहरूलाई सामाजिक सञ्जालमार्फत आदानप्रदान गर्ने लगायतका क्रियाकलाप गर्न सकिन्छ। अझ महत्त्वपूर्ण विषय सिकाइ सहयोगी कसरी गर्न सकिन्छ ? सिकाइ र परीक्षण कसरी अन्तरसम्बन्धित हुन्छन् र अघिल्लो सिकाइ उपलब्धिको सम्बन्ध पछिल्लो सिकाइमा कसरी आबद्ध हुन्छ भन्ने विषयमा शिक्षकको क्षमता विकास अत्यन्त महत्त्वपूर्ण छ, जुन हालको तालिम अभिमुखीकरणले उपलब्ध गराउन सकिरहेको छैन। कक्षा ३ सम्मका बालबालिकामा आधारभूत भाषिक तथा गणितीय सिप विकासलाई न्यूनतम सिकाइको रूपमा विद्यालयमा विकास गर्दै सिकाइलाई सबल बनाउने रणनीतिहरू कक्षागत शिक्षकले सान्दर्भिकीकरण गरेर कार्यान्वयन गर्न सकिन्छ।

प्रधानाध्यापकहरूले आफूलाई विद्यार्थी मूल्याङ्कनको नेतृत्त्वकर्ता (Assessment Leader) को रूपमा विकास गर्दै आफ्नो विद्यालयका शिक्षकहरूको क्षमता विकासमा थप काम गर्नुपर्ने आवश्यकता देखिन्छ भने स्थानीय तहहरूले विद्यालयमा आधारित परीक्षाहरूलाई नियन्त्रणभन्दा स्वायत्तता दिँदै बालबालिकाको सिकाइ सुनिश्चत गर्ने र सिकाइका पूर्वाधारमा ध्यान दिनु आवश्यक छ। शैक्षिक प्रणालीलाई सिकाइप्रति जवाफदेही बनाउँदै सरोकारवालाहरूको परीक्षण साक्षरता (Assessment Literacy) विकासमा समेत थप जोड दिनुपर्नेछ। विद्यालयका विद्यार्थी मूल्याङ्कनका अभ्यासलाई बालबालिकाको सिकाइप्रति जवाफदेही हुने प्रणाली विकास गर्दै जाँदा पाठ्यक्रमका प्रावधानहरूको कार्यान्वयन पनि क्रमशः सहज हुँदै जान्छ।

## निष्कर्ष

कार्यसम्पादन परीक्षणको क्रममा विद्यालयको लगानी, प्रक्रिया र उपलब्धिका पक्षहरूलाई सूचकमा आधारित भएर अङ्कन गरिन्छ। विद्यार्थी मूल्याङ्कन प्रक्रिया क्षेत्रको एउटा महत्त्वपूर्ण क्षेत्र

हो र यसमा ६ ओटा सूचकहरू रहेका छन् । ती ६ ओटा सूचकहरूको कार्यान्वयन पक्ष समग्रमा कमजोर पाइएको छ । विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्न सकिन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनबाट विद्यार्थीलाई नियमित रूपमा सिकाइ सहजीकरण गर्ने तथा नतिजा विश्लेषणबाट शिक्षकको सक्षमता तथा विद्यालयको समग्र सिकाइ अवस्था मूल्याङ्कन गर्न सकिन्छ । विद्यालयको सुधार भन्नाले कुनै एउटा पक्षमा मात्र गर्ने सुधार होइन । उपलब्ध साधनको अधिकतम प्रयोग गरी प्रक्रियालाई विद्यार्थी मूल्याङ्कन उपक्षेत्रगत तथ्याङ्कको विश्लेषणका आधारमा तयार गरिएको यो आलेखले विद्यालयहरूलाई विद्यार्थी मूल्याङ्कनमा सुधारका लागि आधार प्रदान गर्नेछ । यसमा हरेक सूचकमा प्राप्त गरेको अङ्कलाई समावेश गर्न नसकिएको र गुणात्मक सूचनाहरू समावेश हुन नसकेकाले उक्त क्षेत्रमा थप अध्ययन तथा विश्लेषण हुन सक्छ भने कार्यसम्पादन परीक्षणको विद्यार्थी मूल्याङ्कन उपक्षेत्रको नतिजाका आधारमा नीतिगत सुधार गरी अभ्यासमा सुधार ल्याई विद्यालयहरूलाई नतिजामुखी र जवाफदेही बनाउने प्रयास गर्नु आवश्यक छ ।

## सन्दर्भ सामग्री

आचार्य, देवीराम । (२०८२) । विद्यार्थी सिकाइ परीक्षण र मूल्याङ्कनसम्बन्धी शिक्षक तथा प्रधानाध्यापकको बुझाइ र विद्यालयका अभ्यास, *विकासको निम्ति शिक्षा* (१) २८ ,३१–५४. https://doi.org/10.3126/bns.v28i1.75707

आचार्य, देवीराम । ( २०८० फागुन) । एकीकृत पाठ्यक्रम र मूल्याङ्कनका जटिलता । *शिक्षक मासिक*

शिक्षा तथा खेलकुद मन्त्रालय । *एसएलसी अध्ययन प्रतिवेदन* । (२०६१)। इस्याट

शैक्षिक गुणस्तर परीक्षण केन्द्र । (२०७४) । सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण ढाँचा

शैक्षिक गुणस्तर परीक्षण केन्द्र । (२०७६) । सामुदायिक माध्यमिक विद्यालयको कार्यसम्पादन परीक्षण साधन

Bidwell, C. E. (2013). *The school as a formal organization*. In J. G. March (Ed.), Handbook of Organizations, pp. 972–1022). Routledge.

McGrath, J. (1964). *Social Psychology: A Brief Introduction*. Holt, Rinehart & Winston.